# गोलबजार नगरपालिका

# नगरसभाको १५औँ नगर अधिवेशन

# गोलबजार नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम

# (आ.व. २०८३/०८४)

२०८३ असार १० गते

## गोलबजार नगरपालिका, सिरहा

मधेश प्रदेश, नेपाल

**गोलबजार नगरपालिका नगर सभाको पन्ध्रौँ नगर अधिवेशनमा नगर प्रमुख श्री श्याम कुमार श्रेष्ठज्यूद्वारा प्रस्तुत**

**आ.व.२०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम**

**१० असार, २०८३**

# आ.व.२०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

गोलबजार नगरपालिकाका उपप्रमुखज्यू,
प्रमुख प्रशासकीय अधिकृतज्यू,
नगरसभाका सदस्यज्यूहरू,
प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू,
राजनीतिक दलका प्रतिनिधिज्यूहरू,
सरोकारवाला महानुभावहरू,
पत्रकार मित्रहरू तथा सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरू,
यहाँहरू सबैमा हार्दिक स्वागत, सम्मान तथा अभिवादन व्यक्त गर्दछु ।

गोलबजार नगरपालिकाको पन्ध्रौँ नगरसभाको यस गरिमामय अवसरमा आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित र हर्षित भएको छु ।

यस ऐतिहासिक अवसरमा नेपालको लोकतान्त्रिक आन्दोलन, राष्ट्रिय एकता, सामाजिक न्याय तथा समृद्धिको यात्रामा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना, संरक्षण र सुदृढीकरणका लागि योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रज व्यक्तित्वहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

आदरणीय सभासदज्यूहरू,

आज हामी समृद्ध, सुशासित र आत्मनिर्भर गोलबजार निर्माणको साझा लक्ष्यलाई साकार पार्ने महत्वपूर्ण मोडमा उभिएका छौँ । नगरवासीको अपेक्षा, आवश्यकता र आकांक्षालाई केन्द्रमा राख्दै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गरिएको छ ।

प्रस्तुत नीति तथा कार्यक्रम नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको लक्ष्य, संघीय तथा प्रदेश सरकारका आवधिक योजना, बार्षिक नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्यहरु, क्षेत्रगत नीति तथा रणनीति, विगतका नीति तथा कार्यक्रमको समीक्षा तथा प्राप्त अनुभव र उपलब्धिलाई आधार मानी तयार गरिएको हो ।

गोलबजार नगरपालिकाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पर्यटन, कृषि, व्यापारिक तथा आर्थिक सम्भावनाको समुचित उपयोग गर्दै नगरवासीको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने, सामाजिक न्यायसहितको समावेशी विकासलाई प्रवर्द्धन गर्ने, सुशासन र पारदर्शितालाई संस्थागत गर्ने तथा जनमैत्री सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्य यस नीति तथा कार्यक्रमले लिएको छ ।

हामीले सीमित स्रोत र साधनका बीच पनि शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, खानेपानी, सरसफाइ, सामाजिक सुरक्षा, विपद् व्यवस्थापन, सूचना प्रविधि तथा आर्थिक विकासका क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गरेका छौँ । ती उपलब्धिहरूलाई संस्थागत गर्दै बाँकी चुनौतीहरूको समाधानका लागि आगामी वर्षका कार्यक्रमहरू केन्द्रित गरिएका छन् ।

यस नीति तथा कार्यक्रमले विकासका अवसरहरूको न्यायोचित वितरण, उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, वातावरण संरक्षण, सामाजिक समावेशीकरण तथा दिगो विकासका आधारहरूलाई थप सुदृढ बनाउने विश्वास लिएको छु ।

अन्त्यमा, नगरपालिकाको समग्र विकास तथा समृद्धिको यात्रामा निरन्तर सहयोग, सुझाव र सहकार्य प्रदान गर्नुहुने सम्पूर्ण नगरवासी, जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी, विकास साझेदार तथा सरोकारवाला निकायहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

अब, विगत तथा चालु आर्थिक वर्षका नीति तथा कार्यक्रमहरूको निरन्तरता, प्राप्त उपलब्धि तथा आगामी आवश्यकता र प्राथमिकतालाई समेट्दै आर्थिक वर्ष २०८३/०८४ का लागि तयार पारिएको प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## क.आर्थिक क्षेत्र

### अ. कृषि तथा पशुपन्छी विकास निति:

आदरणीय सभासद् सदस्यज्यूहरू,

कृषि तथा पशुपालन क्षेत्रलाई नगरको आर्थिक समृद्धि, रोजगारी सिर्जना तथा आत्मनिर्भर अर्थतन्त्रको प्रमुख आधारका रूपमा विकास गर्न आगामी आर्थिक वर्षमा निम्न नीति अवलम्बन गरिनेछः

१. कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण तथा व्यवसायीकरणलाई प्रवर्द्धन गर्दै बेमौसमी तथा अर्ग्यानिक खेतीलाई विशेष प्राथमिकता दिइनेछ । उत्पादन वृद्धि, उत्पादकत्व अभिवृद्धि तथा कृषिलाई सम्मानजनक पेशाका रूपमा स्थापित गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
२. कृषकहरूको तथ्याङ्क व्यवस्थापनलाई व्यवस्थित बनाउन किसान सूचीकरण तथा किसान परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिइनेछ। साथै, महिला लक्षित कृषक समूह, कृषि सहकारी तथा सरोकारवाला निकायसँग समन्वय गरी उद्यमशीलता विकास तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछन्।
३. माटो परीक्षण, भूमि वर्गीकरण तथा स्थानीय हावापानी र मौसमअनुकूल बाली प्रणालीको विकास गरिनेछ। कृषि उत्पादनलाई सुरक्षित, गुणस्तरीय र वातावरणमैत्री बनाउन जैविक खेती तथा जैविक विषादीको प्रयोगलाई प्रवर्द्धन गरिनेछ।
४. कृषक तथा पशुपालकलाई आवश्यक प्राविधिक सेवा, कृषि परामर्श, रोग नियन्त्रण तथा पशु स्वास्थ्य सेवाहरू सहज, सुलभ र प्रभावकारी रूपमा उपलब्ध गराउँदै कृषि तथा पशुपालन क्षेत्रको सशक्तीकरण गरिनेछ।
५. स्थानीय कृषि तथा पशुजन्य उत्पादनको भण्डारण, प्रशोधन, ब्रान्डिङ तथा बजारीकरणलाई विशेष प्राथमिकता दिइनेछ । यसका लागि थोक तरकारी बजार, व्यवस्थित मासु पसल, पशु वधशाला तथा चिस्यान केन्द्र स्थापना र सञ्चालनका कार्यक्रमहरू अघि बढाइनेछन्।
६. पशुपालन क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न उन्नत नश्ल सुधार, खोर सुधार, हरियो घाँस खेती विस्तार तथा चरण क्षेत्र विकासका कार्यक्रम सञ्चालन गरिनेछन्। साथै, खोरेत, रानीखेत, रेबिजलगायत पशुजन्य संक्रामक रोगविरुद्ध नियमित खोप अभियान सञ्चालन गरी पशु स्वास्थ्य सुरक्षालाई सुदृढ बनाइनेछ।

### आ. सिँचाइ नीति

१. कृषि क्षेत्रको दिगो विकास तथा उत्पादन वृद्धि गर्ने उद्देश्यले नगर गौरव आयोजनाका रूपमा एकीकृत सिँचाइ योजना सञ्चालनका लागि आवश्यक विस्तृत सर्वेक्षण तथा अध्ययन कार्य अघि बढाइनेछ।

२. नगर क्षेत्रको भौगोलिक अवस्था, धरातलीय बनावट तथा उपलब्ध जलस्रोतको प्रकृतिअनुसार उपयुक्त प्रविधिको छनोट गरी स्रोत तथा साधनको अधिकतम उपयोग गरिनेछ ।
३. सिँचाइ सुविधाको पहुँच विस्तार तथा सिँचित क्षेत्रको कृषि उत्पादन वृद्धि गर्न सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रसँग आवश्यक समन्वय, सहकार्य र साझेदारीलाई प्रोत्साहन गरिनेछ ।
४. सिँचाइसम्बन्धी कार्यक्रमहरूलाई व्यवस्थित, पारदर्शी तथा प्रभावकारी बनाउन विधिवत् दर्ता भएका कृषक समूह, कृषि सहकारी तथा कृषक संस्थामार्फत कार्यान्वयन गरिने व्यवस्था मिलाइनेछ ।

## इ.उद्योग वाणिज्य तथा व्यवसाय नीति

१. उद्योग, व्यापार तथा व्यवसाय प्रवर्द्धनका लागि आवश्यक नीति, कानून, कार्यविधि, मापदण्ड तथा रणनीतिक योजनाहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । औद्योगिक विकासको दीर्घकालीन आधार तयार गर्न विशेष आर्थिक क्षेत्र तथा औद्योगिक क्षेत्र स्थापनाको सम्भाव्यता अध्ययन गरिनेछ तथा निजी क्षेत्र, सहकारी संस्था र अन्य सरोकारवाला निकायसँग आवश्यक सहकार्य र साझेदारी विस्तार गरिनेछ ।
२. स्थानीय स्रोत, साधन, कच्चा पदार्थ, सीप तथा प्रविधिमा आधारित उद्योग तथा उद्यमहरूको विकासलाई प्रोत्साहन गरिनेछ । उत्पादनमुखी, प्रतिस्पर्धी तथा आत्मनिर्भर अर्थतन्त्र निर्माणमा टेवा पुग्ने उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गरिनेछन् । साथै, बढी रोजगारी सिर्जना गर्ने उद्योग तथा व्यवसायलाई सम्मान, सहुलियत तथा प्रोत्साहन प्रदान गर्ने नीति अवलम्बन गरिनेछ ।
३. उद्योगी, व्यवसायी तथा उपभोक्ताको हित संरक्षण गर्दै सुरक्षित, व्यवस्थित र प्रविधिमैत्री बजार प्रणालीको विकास गरिनेछ । यसका लागि सीसीटीभी जडान, सुरक्षा गस्ती तथा प्रहरी समन्वयलगायतका माध्यमबाट व्यवसायिक सुरक्षालाई सुदृढ बनाइनेछ । साथै, उपभोक्ता अधिकार संरक्षण तथा नियमित बजार अनुगमनलाई प्रभावकारी बनाइनेछ । सार्वजनिक–निजी साझेदारी (PPP) अवधारणाअनुसार कृषि प्रशोधन उद्योग, मल उत्पादन तथा वितरण केन्द्र, सिनेमा हल, व्यापारिक कम्प्लेक्स, पार्किङ स्थललगायत आर्थिक पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ । स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरणका लागि व्यापार मेला, प्रदर्शनी तथा व्यवसायिक प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछन् ।

## ई. पर्यटन तथा संस्कृति नीति

१. नगर क्षेत्रभित्र रहेका सम्भाव्य प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वका स्थलहरूको विस्तृत अध्ययन, अनुसन्धान तथा अभिलेखीकरण गरिनेछ । पहिचान भएका पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरूको प्राथमिकताका आधारमा आवश्यक पूर्वाधार निर्माण, स्तरोन्नति तथा विकासका कार्यक्रम सञ्चालन गरिनेछन् ।
२. नगरको पर्यटन गुरुयोजनाअनुसार धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा लोपोन्मुख सम्पदाहरूको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गरिनेछ । साथै, धमिनीमाई क्षेत्रलाई प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न आवश्यक विस्तृत अध्ययन तथा योजनाबद्ध कार्यक्रमहरू अघि बढाइनेछन् ।
३. पर्यटन पूर्वाधार विकासलाई तीव्रता दिन सार्वजनिक–निजी साझेदारी (PPP) अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । होटल, विश्रामगृह, पर्यटक सेवा केन्द्रलगायत पर्यटनसम्बन्धी पूर्वाधार निर्माणमा निजी क्षेत्रको लगानी आकर्षित र प्रोत्साहित गरिनेछ । साथै, स्थानीय पर्यटन, संस्कृति तथा सम्पदाको प्रचार–प्रसारमा योगदान पुऱ्याउने लेखक, पत्रकार तथा सञ्चारकर्मीहरूलाई प्रोत्साहन गरिनेछ ।

४. नगरका प्रमुख धार्मिक तथा सांस्कृतिक आस्थाका केन्द्रहरू धमिनीथान, आकाशगंगा तथा रामजानकी मन्दिर क्षेत्रलाई धार्मिक तथा सांस्कृतिक पर्यटन गन्तव्यका रूपमा विकास गर्दै आवश्यक पूर्वाधार निर्माण, सौन्दर्यीकरण तथा प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछन् ।

## उ. भूमि व्यवस्था नीति

१. भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको समग्र पहिचान, प्रमाणीकरण, नाप–नक्शा तथा विस्तृत अभिलेखीकरण कार्यलाई व्यवस्थित रूपमा अघि बढाइनेछ । प्रचलित कानूनी प्रक्रिया पूरा गरी योग्य लाभग्राहीलाई जग्गाधनी प्रमाण–पूर्जा वितरण गर्ने कार्यलाई प्राथमिकतामा राख्दै गोलबजार नगरपालिकालाई क्रमशः सुकुम्बासीमुक्त नगर घोषणा गर्ने लक्ष्य लिइनेछ ।
२. उक्त समुदायलाई लक्षित सेवा प्रवाहलाई प्रभावकारी बनाउन सबै वडामा आवश्यक सेवा केन्द्रहरूको स्थापना तथा सुदृढीकरण गरिनेछ । सेवा केन्द्र सञ्चालनका लागि आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्था गरिनेछ । साथै, प्रचलित ऐन, नियम तथा मापदण्डअनुसार अव्यवस्थित बसोबासीलाई जग्गा प्राप्तिमा सहजता प्रदान गर्दै व्यवस्थित बसोबासको सुनिश्चितता गरिनेछ ।
३. सार्वजनिक तथा सरकारी जग्गाको संरक्षणलाई उच्च प्राथमिकतामा राखिनेछ । भूमि व्यवस्थापनलाई वैज्ञानिक र आधुनिक बनाउन GIS प्रणालीमा आधारित डिजिटल नक्साङ्कन तथा भू–उपयोग योजना तयार गरिनेछ । यसबाट कित्ताकाट, क्षेत्रफल तथा सीमासम्बन्धी समस्याहरूको समाधान गर्दै नगर विकासलाई थप व्यवस्थित, प्रविधिमैत्री तथा दिगो बनाइनेछ ।

## ऊ. सहकारी नीति

१. सहकारी संघ–संस्थाहरूलाई प्रभावकारी, पारदर्शी तथा व्यवस्थित रूपमा परिचालन गर्न दीर्घकालीन रणनीतिक योजना निर्माण गरिनेछ । सहकारी मूल्य, सिद्धान्त तथा प्रचलित ऐन–नियमको पूर्ण पालना सुनिश्चित गर्न संस्थागत क्षमता विकास र अनुगमन प्रणालीलाई सुदृढ गरिनेछ । साथै, सहकारी संस्थाका पदाधिकारीहरूलाई जिम्मेवार, उत्तरदायी र जवाफदेही बनाउने अभ्यासलाई संस्थागत गरिनेछ ।
२. स्थानीय स्तरमा उपलब्ध पुँजी, श्रम, सीप तथा स्रोत–साधनको अधिकतम उपयोग गर्दै सहकारीमा आधारित कृषि तथा औद्योगिक व्यवसायहरूको प्रवर्द्धन गरिनेछ । यसबाट स्थानीय उत्पादन, रोजगारी सिर्जना तथा समग्र स्थानीय अर्थतन्त्रको सुदृढीकरणमा महत्वपूर्ण योगदान पुग्ने विश्वास लिइएको छ ।
३. विपन्न तथा आर्थिक रूपमा कमजोर परिवारहरूलाई सहकारी संस्थामा आबद्ध गरी सामूहिक उद्यम तथा व्यवसाय सञ्चालनमा प्रोत्साहित गरिनेछ । यसबाट उनीहरूको आर्थिक अवस्था सुदृढ हुनुका साथै सामाजिक, आर्थिक तथा सांस्कृतिक विकासमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

## ए. श्रम तथा रोजगारी नीति

१. विपन्न, दलित, पिछडिएको, असहाय, एकल महिला, अति सीमान्तकृत तथा उत्पीडित वर्गलाई लक्षित गर्दै आन्तरिक रोजगार कार्यक्रममार्फत उपलब्धता अनुसार न्यूनतम रोजगारीको सुनिश्चितता गरिनेछ ।
२. आन्तरिक रोजगारी सिर्जना तथा प्रवर्द्धनसम्बन्धी क्रियाकलाप सञ्चालन कार्यक्रमअन्तर्गत प्राप्त बजेटको प्रभावकारी कार्यान्वयनका लागि नगरस्तर, वडा स्तर तथा अन्य रोजगारमूलक कार्यक्रमहरूसँग आवश्यक सहकार्य, समन्वय र साझेदारी गरिनेछ । साथै, नगरको दीर्घकालीन रोजगार रणनीति निर्माण गरी चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ ।

३. रोजगार सेवा केन्द्रलाई सुदृढ गरी श्रम सूचना, सीप विकास, उत्पादनशील रोजगारी, उद्यमशीलता प्रवर्द्धन तथा वैदेशिक रोजगारसम्बन्धी सेवा एकीकृत रूपमा उपलब्ध गराइनेछ। "श्रमको सम्मान, नगरको अभियान" भन्ने मूल नारालाई आत्मसात् गर्दै श्रम तथा रोजगार प्रवर्द्धन कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

### ऐ. गरिबी निवारण नीति

१. उद्यमशीलता प्रवर्द्धन तथा सीप विकासलाई प्राथमिकतामा राख्दै तालिम, प्रविधि हस्तान्तरण तथा लघु उद्यम विकास मोडलमार्फत आयआर्जनमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछन्। बेरोजगार युवाहरूलाई लक्षित गर्दै प्राविधिक तथा सीपमूलक तालिम प्रदान गरी स्वरोजगारीका अवसरहरू सिर्जना गरिनेछ।
२. विपन्न, आदिवासी, जनजाति, महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा विशेष संरक्षण आवश्यक समूहलाई लक्षित गरी आयआर्जन तथा गरिबी निवारणसम्बन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछन्, जसबाट उनीहरूको आर्थिक, सामाजिक तथा जीवनस्तरमा सुधार ल्याउने लक्ष्य लिइनेछ।
३. आन्तरिक रोजगारी सिर्जना तथा प्रवर्द्धनसम्बन्धी कार्यक्रमअन्तर्गत उत्पादनमूलक योजना सञ्चालन गरिनेछ। साथै, दर्ता नभएका श्रमिकहरूलाई नगरस्तरीय स्वरोजगार कार्यक्रममार्फत रोजगारीको अवसर प्रदान गरिनेछ। सामाजिक सुरक्षालाई थप सुदृढ बनाउन मृत्युपश्चात किरिया खर्चका लागि आवश्यक आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था समेत मिलाइनेछ।

## ख. सामाजिक क्षेत्र

### अ. स्वास्थ्य निति

१. नगरका सम्पूर्ण नागरिकलाई निःशुल्क तथा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध गराउन दक्ष जनशक्ति व्यवस्थापन, समन्वय, अनुगमन तथा नियमन संयन्त्रलाई थप सुदृढ गरिनेछ।
२. मातृ तथा शिशु स्वास्थ्य सेवा, महिला स्वास्थ्य समस्या पहिचान तथा उपचार, जेष्ठ नागरिकका लागि घरमै स्वास्थ्य सेवा तथा विपन्न वर्गका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
३. सामुदायिक स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी बनाउन आमा समूहहरूको सक्रिय सहभागिता तथा प्रोत्साहनलाई वृद्धि गरिनेछ। साथै ग्रामीण क्षेत्रहरूमा मातृ तथा नवजात स्वास्थ्य सुधारका लागि वडास्तरमै अल्ट्रासाउन्ड सेवा उपलब्ध गराइनेछ।
४. रोग नियन्त्रणलाई प्राथमिकतामा राख्दै क्षयरोगमुक्त, कुष्ठरोगमुक्त तथा पोषणमैत्री नगरपालिका घोषणा गर्ने लक्ष्यसहित विभिन्न अभियान तथा कार्यक्रमहरू निरन्तर सञ्चालन गरिनेछन्।
५. आगामी आर्थिक बर्षभित्रै १५ शैयाको नगर अस्पतालको निर्माण सम्पन्न गरी विशेषज्ञ सेवा सहितको अस्पताल सञ्चालनमा ल्याइनेछ।
६. प्रयोगशाला सेवाको विस्तार तथा eHMIS प्रणाली कार्यान्वयन गर्दै स्वास्थ्य क्षेत्रको दीर्घकालीन विकासका लागि मास्टर प्लान निर्माण गरिनेछ।

### आ. बहुक्षेत्रीय पोषण योजना नीति

१. आगामी तीन वर्षभित्र गोलबजार नगरपालिकालाई "पोषणमैत्री नगरपालिका" घोषणा गर्ने लक्ष्यका साथ स्वस्थ, सफा र पोषणमैत्री घर, गाउँ, टोल तथा वडा निर्माण अभियान सञ्चालन गरिनेछ। साथै, स्थानीय नीति तथा कार्यक्रमहरूमा पोषणमैत्री शासन प्रणालीलाई संस्थागत रूपमा समावेश गरिनेछ।

२. महिला, बालबालिका, किशोरी तथा "सुनौलो हजार दिन" अवधिमा रहेका आमाबाबु र शिशुहरूलाई लक्षित गर्दै पोषण संवेदनशील सेवा, परामर्श तथा जनचेतनामूलक कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछन्, जसबाट कुपोषण न्यूनीकरणमा उल्लेखनीय योगदान पुग्ने अपेक्षा गरिएको छ।
३. पाँच वर्षमुनिका सम्पूर्ण बालबालिकाको नियमित वृद्धि अनुगमन प्रणालीलाई सुदृढ गर्दै उनीहरूको पोषण अवस्था सुधार गर्न आवश्यक सबै कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

## इ. शिक्षा क्षेत्रको नीति

१. "सामुदायिक विद्यालयको सुधार, स्थानीय सरकारको सरोकार" भन्ने मर्मलाई आत्मसात गरी नगर शिक्षा सम्बन्धी नीतिगत व्यवस्था र शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरु लागू गरिनेछ।
२. नगरपालिकाको विद्यालय शिक्षा क्षेत्र योजनाअन्तर्गत सबै विद्यालयहरूको आधारभूत भौतिक पूर्वाधार सुधार गर्दै विद्यार्थीहरूका लागि सुरक्षित, स्वस्थ र अनुकूल शिक्षण वातावरण सुनिश्चित गरिनेछ।
३. बाल विकास केन्द्र तथा विद्यालयहरूबीचको समन्वयलाई सुदृढ गर्दै सबै बालबालिकाको समावेशी पहुँच, नियमित भर्ना, विद्यालयमा टिकाउने क्षमता तथा गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
४. सिमान्तकृत, विपन्न तथा अपाङ्गता भएका बालबालिकालाई लक्षित गर्दै बालिका तथा किशोरी शिक्षा कार्यक्रममार्फत शैक्षिक पहुँच विस्तारलाई निरन्तरता दिइनेछ, जसले शिक्षामा समान अवसर सुनिश्चित गर्नेछ।
५. विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा अभिभावक संघको संस्थागत तथा प्राविधिक क्षमता विकास गर्दै सामुदायिक विद्यालयहरूमा शिक्षक तथा प्रधानाध्यापकको सन्तुलित व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाइनेछ।
६. विद्यालयमा नियमित उपस्थिति सुनिश्चित गर्न हाजिरी प्रणालीमा कडाइ गरिनेछ। वार्षिक परीक्षा प्रणालीलाई केन्द्रीयकृत, पारदर्शी तथा विश्वसनीय ढंगले सञ्चालन गरिनेछ। साथै प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने तालिम केन्द्रहरूको अभिलेखिकरण, नियमन तथा गुणस्तर सुधारमा विशेष ध्यान दिइनेछ।
७. विद्यालयहरुको शिक्षक दरबन्दी मिलान गरिनेछ। शिक्षक दरबन्दी मिलानका आधारमा नपुग शिक्षकहरुको व्यवस्था गरिनेछ। विद्यालय सहायक कर्मचारी र कार्यालय सहयोगी नभएका विद्यालयमा श्रोतको उपलब्धता आधारमा आवश्यक व्यवस्था गरिनेछ।

## ई. युवा तथा खेलकुद तर्फः

१. स्थानीय खेलकुद क्लब तथा संघसंस्थासँग आवश्यक सहकार्य गर्दै युवालाई लक्षित विभिन्न खेलकुद कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै, खेलकुद पूर्वाधारहरूको स्तरोन्नति तथा सुदृढीकरण गरी खेलकुद क्षेत्रको विकासलाई संस्थागत गरिनेछ।
२. विद्यालयहरूमा स्काउट तथा जुनियर रेडक्रस सर्कल गठन गरी बालबालिकामा अनुशासन, नेतृत्व क्षमता, सामाजिक उत्तरदायित्व तथा शैक्षिक विकास प्रवर्द्धन गर्ने कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
३. लागूऔषध तथा दूर्व्यसनी विरुद्ध सचेतनामूलक कार्यक्रमहरू निरन्तर सञ्चालन गरिनेछ। साथै, युवाहरूलाई नवप्रवर्तन, अनुसन्धान तथा आविष्कारतर्फ आकर्षित गर्दै उनीहरूको सिर्जनशील क्षमताको विकासका लागि आवश्यक वातावरण सिर्जना गरिनेछ।

## उ. भाषा, कला तथा साहित्य नीतिः

१. स्थानीय खेलकुद क्लब तथा संघसंस्थासँग आवश्यक सहकार्य गर्दै युवालाई लक्षित विभिन्न खेलकुद कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै, खेलकुद पूर्वाधारहरूको स्तरोन्नति तथा सुदृढीकरण गरी खेलकुद क्षेत्रको विकासलाई संस्थागत गरिनेछ।
२. विद्यालयहरूमा स्काउट तथा जुनियर रेडक्रस सर्कल गठन गरी बालबालिकामा अनुशासन, नेतृत्व क्षमता, सामाजिक उत्तरदायित्व तथा शैक्षिक विकास प्रवर्द्धन गर्ने कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
३. लागूऔषध तथा दूर्व्यसनी विरुद्ध सचेतनामूलक कार्यक्रमहरू निरन्तर सञ्चालन गरिनेछ। साथै, युवाहरूलाई नवप्रवर्तन, अनुसन्धान तथा आविष्कारतर्फ आकर्षित गर्दै उनीहरूको सिर्जनशील क्षमताको विकासका लागि आवश्यक वातावरण सिर्जना गरिनेछ।

## ऊ. खानेपानी तथा सरसफाइ नीति

१. नगर क्षेत्रभित्र स्वच्छ र सुरक्षित खानेपानी उपलब्ध गराउन नियमित गुणस्तर परीक्षण सहित आवश्यक पूर्वाधार विकास तथा व्यवस्थापनलाई सुदृढ गरिनेछ।
२. खानेपानी सेवालाई जनस्वास्थ्य, पूर्ण सरसफाइ तथा शहरी विकाससँग एकीकृत रूपमा सञ्चालन गर्दै सेवा प्रभावकारिता वृद्धि गरिनेछ।
३. ओभरहेड ट्याङ्की तथा अधुरा रहेका खानेपानी आयोजनाहरूको निर्माण कार्यलाई यथाशीघ्र सम्पन्न गरी नियमित तथा पर्याप्त खानेपानी आपूर्ति सुनिश्चित गरिनेछ । विशेषगरी उत्तरी बेल्ट तथा दक्षिणी बेल्टका वडाहरूलाई प्राथमिकतामा राखी सेवा विस्तार गरिनेछ।
४. "एक घर, एक धारा" कार्यक्रमलाई नगरको प्रमुख प्राथमिकताका रूपमा प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ, जसबाट प्रत्येक घरधुरीमा सुरक्षित खानेपानी पहुँच सुनिश्चित गरिनेछ।
५. सडक, नाला सरसफाइ, फोहोरमैला व्यवस्थापन तथा मासुजन्य खाद्य पदार्थको स्वच्छता कायम गर्न पशु बधस्थलदेखि बिक्री वितरणसम्मको सम्पूर्ण प्रक्रिया व्यवस्थित र नियमन गर्ने प्रभावकारी पहल गरिनेछ।

## ए. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक नीति

१. बालमैत्री, लैङ्गिक हिंसा तथा बालविवाह मुक्त नगरपालिका घोषणा गर्ने लक्ष्यसहित सामाजिक जागरण, सशक्तिकरण, कानुनी शिक्षा तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछन्। साथै, हिंसाबाट प्रभावित महिला तथा बालबालिकालाई आर्थिक सहयोग, मनोसामाजिक परामर्श तथा आवश्यक उद्धार सेवाहरू उपलब्ध गराइनेछ। हिंसाबाट प्रभावित महिला, बालबालिका, अशक्त र ज्येष्ठ नागरिकलाई लक्षित गरी लैङ्गीक कोष स्थापना र परिचालन गरिनेछ।
२. बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी, ज्येष्ठ नागरिक लगायत सबै समावेशी समुदायलाई लक्षित गर्दै विशेष कार्यक्रम, सेवा तथा सशक्तिकरणका पहलहरू सञ्चालन गरिनेछन्। विपन्न नागरिक परिचयपत्र वितरण प्रक्रियालाई सहज, सरल र प्रभावकारी बनाइनेछ।
३. सामाजिक समावेशीकरण नीतिअनुसार स्थानीय तहका नीति, नियम, बजेट तथा कार्यक्रमहरूमा सबै वर्ग, समुदाय तथा समूहको सामाजिक, आर्थिक, शैक्षिक तथा स्वास्थ्य अधिकार सुनिश्चित गर्ने व्यवस्था गरिनेछ।
४. अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक स्वास्थ्य सेवा, सहायक उपकरण उपलब्धता, समावेशी स्वास्थ्य शिविर तथा परामर्श सेवाहरू नियमित रूपमा सञ्चालन गरिनेछ।

५. आत्महत्या न्यूनीकरण तथा मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि सम्बन्धित संघसंस्था तथा सरोकारवाला निकायहरूसँग सहकार्य गर्दै मनोवैज्ञानिक तथा सामाजिक सहयोग कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछन् ।

### ऐ. सामाजिक सुरक्षा नीति

१. सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियामा देखिने समस्या तथा चुनौतीहरूको प्रभावकारी समाधानका लागि प्रचलित कार्यविधिअनुसार नगरस्तरीय अनुगमन तथा समन्वय समिति गठन गरिनेछ ।
२. सम्झौता भएका बैंकहरूसँग आवश्यक समन्वय र सहकार्य गरी तोकिएको समय र स्थानमा अशक्त, जेष्ठ नागरिक तथा लक्षित लाभग्राहीहरूलाई सामाजिक सुरक्षा भत्ता भुक्तानी शिविरमार्फत सहज रूपमा वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

### ओ. पञ्जीकरण नीति

१. व्यक्तिगत घटना दर्ता प्रक्रियालाई सहज बनाउन समुदायस्तरमा व्यापक जनचेतनामूलक प्रचार–प्रसार गरिनेछ । साथै, वडास्तरमा नियमित रूपमा घटना दर्ता शिविर सञ्चालन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।
२. जनप्रतिनिधि तथा वडा प्रशासकीय प्रमुखलाई सामाजिक सुरक्षा तथा पञ्जीकरण प्रणालीसम्बन्धी आवश्यक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी क्षमता अभिवृद्धि गरिनेछ, जसबाट सेवा प्रवाह थप व्यवस्थित र प्रभावकारी हुने अपेक्षा गरिएको छ ।
३. प्रत्येक वडामा छुट्टाछुट्टै बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था मिलाई सेवा पहुँच विस्तार तथा लक्षित वर्गसम्म सहज पहुँच सुनिश्चित गरिनेछ ।

## ग. पूर्वाधार क्षेत्र

### अ. भवन, आवास तथा वस्ती विकास नीति

१. अधुरो प्रशासकीय भवनको निर्माण कार्य क्रमागत रुपमा सम्पन्न गर्ने गरी आगामी आर्थिक वर्ष भित्रै नगरपालिकाको कार्यालयलाई नयाँ भवनमा स्थानान्तरण गर्ने व्यवस्था मिलाईनेछ ।
२. नगरक्षेत्रभित्र औद्योगिक ग्राम, व्यवस्थित बजार, पार्क, खेल मैदान, हरियाली क्षेत्र तथा अन्य न्यूनतम शहरी पूर्वाधारहरूको विकासलाई क्रमशः अघि बढाइनेछ, जसले व्यवस्थित र जीवन्त शहरी वातावरण निर्माणमा योगदान पुऱ्याउनेछ ।
३. शहरी योजना तथा भवन निर्माण मापदण्ड तर्जुमा गरी अपाङ्गमैत्री, वातावरणमैत्री, लैङ्गिकमैत्री तथा बालमैत्री पूर्वाधार विकासलाई सुनिश्चित गरिनेछ ।
४. जल निकास प्रणाली तथा सडक पूर्वाधार निर्माणमा सम्बन्धित संघीय, प्रदेश तथा सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गरी डुबान नियन्त्रण तथा क्षेत्रीय सडक निर्माण कार्यलाई तीव्रता दिइनेछ ।
५. विपन्न समुदायको सहभागिता र उद्यमशीलता प्रवर्द्धन गर्न आवश्यक सर्वेक्षण, सीपमूलक तालिम, वित्तीय सहकार्य तथा सामुदायिक भवन व्यवस्थापनका कार्यक्रमहरू अघि बढाइनेछ ।

### आ. सडक, पुल तथा यातायात नीति

१. "नगर यातायात गुरुयोजना (MTMP)" अनुरूप सडकहरूको क्षेत्राधिकार निर्धारण, स्तरोन्नति, कालोपत्रे, विस्तार, मापदण्ड निर्धारण तथा नामाकरण गर्दै गुणस्तरीय, दिगो र टिकाउ सडक पूर्वाधार निर्माण गरिनेछ ।

२. निर्माण सामग्री परीक्षणका लागि प्रयोगशाला स्थापना गरी सम्पूर्ण सडक पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ । साथै, सडक मर्मतसम्भार, पुल तथा कल्भर्ट निर्माणलाई प्रभावकारी रूपमा अघि बढाई सुरक्षित तथा सहज आवागमन सुनिश्चित गरिनेछ ।
३. डुबानमुक्त नगर निर्माणको लक्ष्यसहित एकीकृत ढल गुरुयोजना कार्यान्वयन गरिनेछ । नाला, कुलो तथा खोलानालाको अतिक्रमण नियन्त्रण तथा हटाउने कार्यलाई प्रभावकारी बनाइनेछ । साथै, समग्र सडक सञ्जाल विस्तारका लागि आवश्यक बजेट व्यवस्थापन गरी योजनाबद्ध विकासलाई अघि बढाइनेछ ।

## इ. जलस्रोत तथा स्वच्छ उर्जा नीति

१. जलस्रोतको संरक्षण, विकास तथा समुचित व्यवस्थापनका लागि आवश्यक संस्थागत संरचना सुदृढ गरिनेछ । साथै, निजी क्षेत्र तथा सम्बन्धित सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्दै सम्बन्धित संस्था तथा जनशक्तिको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
२. "एक घर, एक विद्युतीय चुल्हो" अभियानलाई प्रभावकारी रूपमा प्रवर्द्धन गर्दै दाउरा तथा गुईँठाको प्रयोग न्यूनीकरण गरिनेछ । स्वच्छ तथा नवीकरणीय ऊर्जा प्रयोगलाई विस्तार गरी हरितगृह ग्यास उत्सर्जन घटाउने नीति अवलम्बन गरिनेछ । साथै, जनस्वास्थ्य सुधारका लागि सुरक्षित र स्वास्थ्यमैत्री ग्याँस चुल्हो कार्यक्रम समेत सञ्चालन गरिनेछ ।
३. ऊर्जामा आत्मनिर्भरता हासिल गर्ने उद्देश्यसहित सौर्य ऊर्जा विकास तथा विस्तारमा विशेष जोड दिइनेछ । नदी बगरको उपयोग गर्दै सौर्य ऊर्जा उत्पादन गरी राष्ट्रिय प्रसारण लाइनमा जोड्ने गुरुयोजना तयार गरिनेछ । साथै, सामुदायिक विद्यालय तथा स्वास्थ्य संस्थाहरूमा सार्वजनिक–निजी साझेदारी (PPP) अवधारणामार्फत सौर्य ऊर्जा जडान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
४. भूमिगत तथा सतही जलस्रोत क्षेत्रको एकीकृत व्यवस्थापनका लागि सम्भाव्यता अध्ययन गरी दिगो तथा वैज्ञानिक जलस्रोत व्यवस्थापन योजना तयार गरिनेछ ।
५. नगरका प्रमुख चोक तथा बजार क्षेत्रमा हाइमास्ट लाइट तथा विद्युतीय सडकबत्ती जडान गरी उज्यालो, सुरक्षित र व्यवस्थित शहरी वातावरण निर्माण गरिनेछ । साथै, वैकल्पिक ऊर्जा प्रविधिको विकासका लागि सम्भाव्यता अध्ययन तथा नमुना आयोजना सञ्चालन गरिनेछ ।

## ई. सूचना तथा सञ्चार प्रविधि नीति

१. नगरपालिकाका शाखा, क्षेत्र तथा उपक्षेत्रसँग सम्बन्धित विकास सूचकाङ्क तथा तथ्याङ्कहरू नियमित रूपमा संकलन, अद्यावधिक तथा व्यवस्थापन गरिनेछ । साथै, नागरिकहरूलाई सामाजिक सञ्जाल तथा अन्य सञ्चार माध्यममार्फत नगरका लक्ष्य, उद्देश्य तथा उपलब्धिहरू प्रभावकारी रूपमा सम्प्रेषण गरिनेछ ।
२. सूचना प्रविधिको उपयोग विस्तार गर्दै लेखा प्रणाली, राजस्व संकलन, सूचना व्यवस्थापन तथा न्यायिक मामिला व्यवस्थापनलाई एकीकृत डिजिटल प्रणालीमार्फत सञ्चालन गरिनेछ, जसबाट प्रशासनिक कार्यमा पारदर्शिता, छरितोपन तथा दक्षता अभिवृद्धि हुनेछ ।
३. नागरिकका गुनासो, सुझाव तथा पृष्ठपोषणलाई सहज रूपमा ग्रहण र व्यवस्थापन गर्न विद्युतीय गुनासो व्यवस्थापन प्रणाली विकास तथा कार्यान्वयन गरिनेछ ।
४. सूचना हक सम्बन्धी ऐन बमोजिम आवश्यक सूचना नियमित रूपमा नगरपालिकाको वेबसाइट, सामाजिक सञ्जाल तथा अन्य माध्यमहरूबाट आवधिक रूपमा सार्वजनिक गरिनेछ ।

५. ई–बिडिङ, ई–कर्म, ई–ट्याक्स तथा ई–पेमेन्ट प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक नीतिगत, संस्थागत तथा कार्यक्रमगत पहल गरिनेछ । साथै, सूचना प्रविधि सम्बन्धी दक्ष जनशक्ति विकासका लागि विशेष क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

## घ. वन तथा वातावरण

### अ. वन तथा भूसंरक्षण

१. वन तथा भू–संरक्षणसम्बन्धी आवश्यक नीति तथा नियमहरू तर्जुमा गरी जैविक बाँध निर्माण, खोला तथा तालहरूको संरक्षण, प्रदूषण नियन्त्रण तथा प्लास्टिक झोला प्रयोग न्यूनीकरणलाई प्रवर्द्धन गरिनेछ । यसमार्फत स्वच्छ, हरित तथा वातावरणमैत्री नगर विकासलाई सुनिश्चित गरिनेछ ।
२. सामुदायिक, साझेदारी तथा निजी वनमा वनजन्य उद्यमहरूको प्रवर्द्धन गर्दै रोजगारी सिर्जना तथा स्थानीय आर्थिक विकासमा योगदान पुर्‍याउने नीति अवलम्बन गरिनेछ ।
३. फोहरमैला व्यवस्थापनलाई व्यवस्थित बनाउन “एक घर, तीन डस्ट बिन” नीति कार्यान्वयन गरिनेछ । साथै, रिसाइकल, रियुज तथा रिड्युस (Reduce, Reuse, Recycle) अवधारणालाई प्राथमिकतामा राखी दिगो फोहरमैला व्यवस्थापन प्रणाली विकास गरिनेछ ।
४. जलवायु परिवर्तनबाट उत्पन्न जोखिम न्यूनीकरणका लागि आवश्यक अनुकूलन योजना निर्माण गरिनेछ । साथै, ठूला पूर्वाधार तथा विकास आयोजनाहरूमा वातावरणीय मूल्यांकन (IEE तथा EIA) अनिवार्य रूपमा लागू गरिनेछ ।
५. अव्यवस्थित पार्किङ, फोहर फाल्ने तथा अन्य अनियमित गतिविधिहरू नियन्त्रण गर्न आवश्यक दण्ड तथा जरिवाना व्यवस्था लागू गरिनेछ । साथै, सडक, नाला तथा ढलको नियमित मर्मत सम्भार सम्बन्धित पक्षबाट गराउने नीति प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

### आ. जैविक विविधता नीति

१. रैथाने जातका गाई, भैँसी, बाख्रा, बङ्गुर, कुखुरा, हाँस, माछा तथा लोपोन्मुख जलचरहरूको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछन्, जसले जैविक विविधता संरक्षण तथा स्थानीय उत्पादन वृद्धि गर्न योगदान पुर्‍याउनेछ ।
२. विद्यालयको दिवा खाजामा स्थानीय तथा रैथाने खाद्य सामग्री र परिकार समावेश गर्न आवश्यक पहल गरिनेछ, जसबाट पोषण सुधारसँगै स्थानीय कृषि तथा खाद्य संस्कृतिको प्रवर्द्धन हुने अपेक्षा गरिएको छ ।

### इ. वातावरण संरक्षण नीति

१. नगरपालिका क्षेत्रमा रहेका प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा संवर्द्धन गर्दै समृद्ध, स्वच्छ र सौन्दर्यपूर्ण नगर वातावरणको विकास गरिनेछ ।
२. नगरभित्रका सडक तथा बाटोहरूलाई आर.सी.सी. ढलान तथा कालोपत्रे (पिचिङ) गरी धुलोमुक्त, सुरक्षित र सुसज्जित बनाइनेछ । साथै, बजार क्षेत्रमा उत्पन्न हुने धुलो तथा दुर्गन्ध नियन्त्रणका लागि प्रभावकारी व्यवस्थापन प्रणाली लागू गरिनेछ ।

### ई. फोहरमैला तथा प्रदुषण व्यवस्थापन नीति

१. फोहरलाई स्रोतमै वर्गीकरण गरी पुनः प्रयोग तथा प्रशोधन सुनिश्चित गरिनेछ । कुहिने फोहरलाई घरमै मलमा रूपान्तरण गर्ने नगरवासीहरूलाई विशेष शुल्क सहुलियत प्रदान गर्दै दिगो तथा वातावरणमैत्री फोहर व्यवस्थापन प्रणालीलाई प्रवर्द्धन गरिनेछ ।
२. प्रविधि आधारित फोहरमैला व्यवस्थापन प्रणाली स्थापना गरी "जिरो वेस्ट" अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । साथै, उद्योगबाट निस्कने दूषित पानी तथा धुवाँ नियन्त्रणका लागि आवश्यक नियमन तथा अनुगमनलाई सुदृढ गर्दै स्वच्छ, हरित र स्वस्थ वातावरण संरक्षणमा विशेष पहल गरिनेछ ।

### उ. विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन नीति

१. गोलबजार नगरपालिकामा आवश्यक आधारभूत साधनस्रोत सम्पन्न आपतकालीन सेवा केन्द्र स्थापना तथा सञ्चालन गरिनेछ । विपद् व्यवस्थापनका लागि स्वयंसेवक परिचालन नीति अवलम्बन गर्दै उनीहरूको ज्ञान, सीप तथा क्षमताको अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
२. सबै वडा कार्यालय तथा नगरपालिकामा विपद् व्यवस्थापन सामग्रीको सुरक्षित भण्डारण सुनिश्चित गरिनेछ । साथै, खुला क्षेत्र तथा ग्रामीण भेगहरूमा आपतकालीन पुनर्निर्माण केन्द्रहरूको स्थापना गरी तत्काल उद्धार, राहत तथा सहायता प्रदान गर्ने क्षमता सुदृढ गरिनेछ ।
३. भूकम्प प्रतिरोधी संरचना निर्माणलाई अनिवार्य गर्दै प्रचलित कानुनी मापदण्डअनुसार निजी तथा सार्वजनिक भवन निर्माणलाई कडाइका साथ लागू गरिनेछ । साथै, रेडक्रस, गैरसरकारी संस्था, सञ्चार माध्यम तथा नागरिक समाजसँग आवश्यक सहकार्य गर्दै जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण रणनीति प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

## ङ. सुशासन तथा संस्थागत विकास क्षेत्र

### अ. नीति, कानून तथा सुशासन नीति

१. गोलबजार नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा अन्तर्गतका निकायहरुको संगठन संरचना र दरबन्दी तेरिज अध्यावधिक गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) कार्य सम्पन्न गरी संरचनालाई चुस्त र प्रभावकारी बनाईनेछ ।
२. सबै कर्मचारीहरुको कार्यविवरण र कार्यसम्पादन सूचक तयार गरी कर्मचारीहरुको कार्यसम्पादनलाई थप प्रभावकारी र वस्तुनिष्ठ तुल्याईनेछ ।
३. नगरपालिकामा कार्यरत सबै कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा समावेश गरिनेछ ।
४. राष्ट्रिय विमा कम्पनी लिमिटेडको सहकार्यमा सबै जनप्रतिनिधि तथा कर्मचारीहरुको सामुहिक दुर्घटना विमा गरि जोखिम न्यूनीकरण गरिनेछ ।
५. सूचना प्रविधिको उच्चतम प्रयोगमार्फत सुशासन प्रवर्द्धन गर्दै सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता, छरितोपन, पहुँच तथा जनउत्तरदायित्व सुनिश्चित गरिनेछ ।
६. नगरपालिकाका सम्पूर्ण क्रियाकलापहरूलाई **Local Governance Performance Assessment System (LGPAS)** स्वमूल्याङ्कन प्रणालीअनुसार परिणाममुखी तथा मापनयोग्य सूचकहरूको आधारमा सञ्चालन गरिनेछ । साथै, आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्दै वित्तीय अनुशासनलाई कडाइका साथ पालना गरिनेछ । वार्षिक खर्चको सार्वजनिक परीक्षण तथा बेरुजु फछर्यौटलाई उच्च प्राथमिकतामा राखिनेछ ।

७. सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न इलेक्ट्रोनिक खुला बोलपत्र प्रणालीमार्फत प्रतिस्पर्धात्मक सार्वजनिक खरिद प्रणालीलाई निरन्तरता दिइनेछ । साथै, स्वदेशी तथा विदेशी स्थानीय तहसँग भगिनी सम्बन्ध स्थापना गरी अन्तर्राष्ट्रिय सहकार्य तथा अनुभव आदान–प्रदानलाई प्रोत्साहन गरिनेछ ।

८. प्रचलित ऐन, कानून तथा नीतिहरूलाई समयानुकूल संशोधन तथा परिमार्जन गर्दै भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति कडाइका साथ कार्यान्वयन गरिनेछ ।

९. नागरिक सहभागिता सुनिश्चित गर्दै योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन प्रक्रियामा स्थानीय समुदायको सक्रिय सहभागिता अभिवृद्धि गरिनेछ । सेवा प्रवाहलाई प्रभावकारी बनाउन हेल्पडेस्क, सार्वजनिक सुनुवाइ तथा गुनासो व्यवस्थापन प्रणाली जस्ता सुशासनका सूचकहरूलाई संस्थागत रूपमा कार्यान्वयन गरिनेछ ।

१०. सबै वडा कार्यालय, शाखा तथा सेवा केन्द्रहरूलाई विद्युतीय नेटवर्कमा आबद्ध गर्दै ई–गभर्नेन्स प्रणालीको क्रमशः कार्यान्वयन गरिनेछ । सम्पूर्ण विद्यालयका शिक्षकहरुको हाजिरिलाई आगामी आर्थिक वर्षभित्रै डिजिटल हाजिरी प्रणालीमा आवद्ध गरिनेछ ।

११. कर्मचारीहरूको क्षमता विकासका लागि नियमित तालिम, अध्ययन भ्रमण तथा व्यावसायिक स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिनेछ । साथै, सार्वजनिक खरिद तथा निर्माण कार्यलाई प्रतिस्पर्धात्मक, पारदर्शी तथा प्रचलित कानूनी व्यवस्था अनुसार प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

## आ. न्यायिक सेवा तथा मेलमिलाप नीति

१. स्थानीय मेलमिलाप केन्द्रहरूको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ । विवाद दर्ता, विपक्षीसम्बन्धी आवश्यक अनुसन्धान, स्थलगत प्राविधिक निरीक्षण तथा मेलमिलाप प्रक्रियालाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्दै विवाद समाधानमा मेलमिलापलाई प्राथमिक माध्यमका रूपमा अघि बढाइनेछ ।

२. न्यायिक समिति तथा वडास्तरीय सामुदायिक मेलमिलाप केन्द्रबाट प्रदान गरिने सेवाहरूलाई थप व्यवस्थित, पारदर्शी र सेवाग्राहीमैत्री बनाउन सूचना प्रविधिको प्रभावकारी प्रयोग गरिनेछ, जसबाट सेवामा सहज पहुँच र छरितोपन सुनिश्चित हुनेछ ।

३. न्यायिक समितिका पदाधिकारी तथा मेलमिलापकर्ताहरूको क्षमता विकासका लागि पुनः तालिम, अनुभव आदान–प्रदान तथा अवलोकन भ्रमणका कार्यक्रमहरू सञ्चालन गरिनेछन्, जसबाट न्याय सम्पादन प्रक्रियामा गुणस्तरीय सुधार आउने अपेक्षा गरिएको छ ।

## ई. राजस्व परिचालन नीति

१. "कर डर होइन, नगर विकासको आधार हो" भन्ने मूल्यमान्यतालाई आत्मसात गर्दै आन्तरिक राजस्व वृद्धिका लागि नयाँ कर स्रोतहरूको पहिचान तथा कर दायराको विस्तार गरिनेछ । यसबाट नगरपालिकाको आर्थिक मेरुदण्डलाई थप सुदृढ बनाइनेछ ।

२. कर तथा गैरकर राजस्व संकलन प्रणालीलाई व्यवस्थित, पारदर्शी र न्यायोचित बनाउँदै राजस्व चुहावट नियन्त्रणका लागि प्रभावकारी उपचारात्मक तथा प्रवर्द्धनात्मक उपायहरू अवलम्बन गरिनेछ । विशेषगरी फोहरमैला व्यवस्थापन शुल्क तथा घरबहाल करलाई साझेदारी अवधारणाअनुसार प्रभावकारी रूपमा संकलन गरिनेछ ।

३. घरजग्गा पास, नक्सापास, कर भुक्तानी तथा सिफारिस प्रक्रियालाई सरल, सहज र छरितो बनाउँदै करदातालाई सम्मानजनक सेवा तथा सुविधा प्रदान गरिनेछ । साथै, सम्पत्ति कर, सरसफाइ शुल्क, रिक्सा, ठेला, तथा सिटी सफारी जस्ता क्षेत्रहरूलाई कर दायराभित्र समेटी राजस्व आधार विस्तार गरिनेछ ।

४. सूचना प्रविधिमा आधारित एकीकृत कर प्रशासन प्रणाली विकास गरी राजस्व संकलन, दाखिला तथा अभिलेखनलाई नियमित, वर्गीकृत र वैज्ञानिक बनाइनेछ, जसले राजस्व चुहावटलाई शून्यतर्फ लैजान महत्वपूर्ण योगदान पुऱ्याउनेछ।
५. राजस्व परामर्श समिति, जनप्रतिनिधि, कर्मचारी तथा करदाताको क्षमता विकासमा जोड दिँदै व्यवसाय दर्ता, नवीकरण तथा वार्षिक कर संकलन प्रक्रियालाई सहज, प्रभावकारी र व्यवस्थित बनाउन निरन्तर तालिम तथा सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
६. कृषक समूहरुको दर्ता र नविकरण शुल्कलाई न्यून गरी कृषकहरुलाई सामूहिक कृषि प्रणालीमा आवद्ध गर्न प्रोत्साहित गरिनेछ।

## उ. तथ्याङ्क प्रणाली नीति

१. डिजिटल प्रविधिमा आधारित समग्र नगर प्रोफाइल तयार गरी नगरका सबै योजना, कार्यक्रम तथा शाखागत सूचना प्रणालीलाई एकीकृत गरिनेछ। यसबाट सूचना व्यवस्थापनलाई प्रभावकारी, पारदर्शी तथा छरितो बनाउँदै निर्णय प्रक्रियालाई थप वैज्ञानिक र द्रुत बनाइनेछ।
२. वडा कार्यालय, स्वास्थ्य संस्था तथा विद्यालयसम्म इन्टरनेट पहुँच विस्तार गर्दै आधुनिक डिजिटल पूर्वाधार सुदृढ गरिनेछ। यसले सेवा प्रवाहलाई छरितो, सहज तथा प्रविधिमैत्री बनाउन महत्वपूर्ण योगदान पुऱ्याउनेछ।
३. विद्यालय तहमा डिजिटल कक्षा, भिडियो कन्फरेन्स तथा अन्य नवीनतम सूचना प्रविधि कार्यक्रमहरू सञ्चालन गरी शैक्षिक वातावरणमा प्रविधिको नवप्रवर्तनलाई प्रोत्साहन गरिनेछ। यसबाट गुणस्तरीय शिक्षामा सुधार ल्याउँदै डिजिटल शिक्षण प्रणालीलाई संस्थागत गरिनेछ।

**अन्तयमा,**

माथि प्रस्तुत गरिएका नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवालाहरूको एकता, दृढ प्रतिबद्धता तथा सक्रिय सहभागिता अपरिहार्य रहेको छ। नगरवासी, नागरिक समाज, विभिन्न तहका सरकारी निकाय, निजी क्षेत्र, जनप्रतिनिधि तथा कर्मचारीबीच निरन्तर समन्वय, सहकार्य र सकारात्मक सहभागिताबाट मात्र अपेक्षित उपलब्धि हासिल गर्न सकिनेछ।
यस अभियानमा अहिलेसम्म प्राप्त भएको अमूल्य साथ, सहयोग तथा सुमधुर समन्वयप्रति यसै अवसरमा हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु। तपाईंहरूको निरन्तर योगदान, समर्थन र सहकार्यले हाम्रो नगरलाई समृद्धि, सुशासन र समग्र विकासको दिशातर्फ अग्रसर गराउने दृढ विश्वास व्यक्त गर्दछु।

श्याम कुमार श्रेष्ठ
नगर प्रमुख
गोलबजार नगरापालिका,
सिरहा